# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०३।२४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------

जिल्ला प्रहरी कार्यालय, नुवाकोटका प्रहरी निरीक्षक लालबाबु प्रसाद साहले लागु औषध मुद्दामा पक्राउ परेका सेवाग्राहीको मुद्दामा घुस लिएको भन्ने समेत बिषयको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज प्रहरी निरीक्षक लालबाबु प्रसाद साहले जिल्ला प्रहरी कार्यालय, नुवाकोटमा राष्ट्रसेवकको रुपमा कार्यरत रहँदा सेवाग्राहीलाई आफ्नो छोराको बैंक खातामा रकम जम्मा गर्न लगाई आफ्नो ओहदासँग सम्बन्धी काम नगर्न सेवाग्राहीसँग जम्मा रू.९०,०००/- (नब्बे हजार) नगदी लिएको पुष्टि हुन आएकोले निज लालबाबु प्रसाद साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा लिई सकेको रिसवत जफत गरी ऐ. दफा ३ को उपदफा (१)(ग) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता